■ Good Morning Sikkim, today is FRIDAY, 05 AUGUST, 2022 ■ REGD NO. WB/SKM/02/2021-2023 VOL. XLVI NO. 213 ■ RNI No. RN 40962/1990 ■

Sikkim Express 05.08.22

# CM visits landslide-affected Lumsey area

KUNAL RAI

**GANGTOK, August 4:** Chief Minister P.S. Golay on Friday carried out a spot inspection of damage caused by landslides at Lumsey area, Tadong. He was accompanied by area MLA G.T. Dhungel, concerned officials and others.

The Chief Minister and his team walked from Lumsey secondary school till the alternative road developed along Ranikhola, taking stock of the landslide damage and interacting with the affected families along the way.

Golay told the local public that the Gangtok district administration, after inspecting the damage at Lumsey area earlier, have requested the Mines & Geology department to initiate a survey for submitting a complete report to the government.

Dhungel, the area MLA, has also been apprising the Chief Minister of the landslide-related issues in Lumsey and the need for a ground inspection.

"We are here today at the ground to see the problems faced by the residents of Lower Lumsey and identify the real causes. We have inspected the area and once the report from the district administration comes, I will chair a high-level meeting and initiate works in a phased manner for permanent restoration of the area," said the Chief Minister.



**Chief Minister P.S. Golay interacted with the landslide–affected families and residents of Lumsey during his field visit.** SE Pic

Officials from Land Revenue & Disaster Management, Urban Development, Irrigation, PHE and Roads & Bridges department, and GMC were also part of the inspection team.

At the same time, the Chief Minister requested the people to follow the rules and regulations while constructing their houses as per the blueprint passed by the department concerned. Many problems can be averted if the regulations related to construction of houses are followed, he said.

The Chief Minister also announced to set up a multi-purpose community hall at Lumsey.

Local residents placed the demands for sewerage system, drainage, jhora, footpath with railing and other civic amenities.

Bikash Rai, a resident of Lumsey, said the local people are facing landslide problems after the construction of the alternative road along Ranikhola. His house has been severely damaged and has been asked to shift to a safer place.

"Prior to the construction of the alternative road, such slides had never taken place. More than 58 houses have reported some form of damage out of which four families have been issued evacuation notices by the authorities. We received some relief package but we are hopeful that the State government will extend full support in restoring our houses," said Rai.

Earlier in the day, Golay, also the SKM president, inaugurated the SKM Upper Tadong constituency party office near Khangri Petrol Pump, Daragaon.

Area ML G.T. Dhungel shared that this SKM party office existed back in 2013 but was later closed due to some issues. It is being inaugurated today and the party workers are feeling nostalgic remembering the past memories of this office, he said. He thanked the Chief Minister for opening the party office and then personally inspecting the landslide problems in Lumsey area.

We are confident of winning the upcoming election from Tadong constituency and are also expecting to win all the 32 Assembly seats, said Dhungel. He mentioned that Sikkim is witnessing a holistic development in all sectors under the SKM government led by the Chief Minister.

Summit Times



# CM inspects damages caused by rainfall at Lumsay

GANGTOK, 04 AUG (IPR): Chief Minister Prem Singh Tamang accompanied by area MLA, GT Dhungel today inspected and assessed the damages caused by continuous rainfall last month in Lumsay village. He also interacted with the affected people of the area and assured possible assistance from the government.

हाम्रो प्रजाशक्ति 05.08.22

### तादोङमा एसकेएम पार्टी कार्यालयको उद्घाटन

# लुम्सेवासीको सुरक्षाको निम्ति बृहत् योजना तयार गरिनेछः मुख्यमन्त्री



**गान्तोक, ४ अगस्त।** मुख्यमन्त्री पीएस गोलेले आज गान्तोक जिल्लाको अप्पर तादोङ निर्वाचन क्षेत्रअन्तर्गत डाँडागाउँस्थित खाङ्छी पेट्रोल पम्प नजिक समष्टिस्तारीय एसकेएम पार्टी कार्यालयको उद्घाटन गरे। उल्लेखनीय छ, उक्त भवनमा केही वर्ष अघि सत्तारुढ सिक्किम क्रान्तिकारी मोर्चा पार्टीको मुख्यालय थियो। त्यसै कार्यालयमा एउटा घट्नामा पुलिसले एसकेएम कार्यकर्ताहरूमाथि लट्ठी चार्ज गरेको थियो। त्यस समय एसकेएम पार्टी विपक्षमा थियो। पछि पार्टीले त्यहाँबाट कार्यालय हटाएको थियो।

यसरी नै मुख्यमन्त्री तामाङले आज अप्पर तादोङ समष्टिकै लोवर लुम्से वार्डको पनि निरीक्षण भ्रमण गरे। पछिल्ला समय उक्त वार्डमा निरन्तर परेको पानीले गर्दा ४० भन्दा अधिक घरलाई क्षति पुऱ्याएकोले आज मुख्यमन्त्रीले उक्त क्षेत्रको भ्रमण गरेका हुन्।

निरीक्षणको क्रममा मुख्यमन्त्री गोलेले माइन्स एण्ड जुलोजी विभागले क्षेत्रको सर्वेक्षण गरिसकेको र त्यसको रिपोर्ट आएपछि सरकारको तर्फबाट पहल गरिने वचन दिए। यस अवसरमा स्थानीयवासीलाई सम्बोधन गर्दै मुख्यमन्त्रीले यस क्षेत्रमा पहिले घरहरू निर्माण गर्दा सरकारको नियमलाई पालन नगरेको हुनाले अहिले यस प्रकारको समस्या देखापरेको बताए। यसको साथै जबसम्म सर्वेक्षणको रिपोर्ट आउँदैन तबसम्म यस क्षेत्रमा कसैले पनि नयाँ घर निर्माण नगर्ने उनले सुझाउ पनि दिए। के कारणले गर्दा यहाँको घरहरू भत्किन थालेको हो त्यो रिपोर्ट नआएसम्म भन्न नमिल्ने बताउँदै विशेष गरेर झोडा नालाको राम्रोसँगले हेरचाह नभएको र मानिसहरूको लापरवाहीको कारण विभिन्न प्रकारको समस्या उत्पन्न भएको हुनसक्ने उनले सम्भावना व्यक्त गरे। सर्वेक्षणको रिपोर्ट आएपछि यस क्षेत्रको संरक्षणको निम्ति वृहत योजना तयार गर्ने मुख्यमन्त्रीले वचन दिएका छन्। आगामी दिनमा सम्पन्न हुने राज्य सरकारको सप्लिमेन्ट्री बजेटमा यस क्षेत्रको सुरक्षा हेतु बजेट छुट्याउने पनि थप बताए।

मुख्यमन्त्रीले घर बनाउँदा विशेष गरेर ढल निकासी र पानी बग्ने नालाको सही व्यवस्था गरिनुपर्ने सुझाउ दिएका छन्। यदि सबै कुरा मिलाएर घर निर्माण गरेको खण्डमा भविष्यमा कुनै प्रकारको समस्या उत्पन्न नहुने पनि उनको भनाइ रहेको थियो। मुख्यमन्त्रीले थप जानकारी गराएअनुसार यस क्षेत्रमा ४० भन्दा अधिक घरहरूलाई पानीले क्षति पुऱ्याएको तर व्यक्तिगतरूपमा कसैको घरमा सुरक्षा पर्खाल नलगाएर सम्पूर्ण गाउँलाई नै सुरक्षा प्रदान गर्ने उद्देश्यले सरकारले वृहत योजना तयार गरेर गाउँको सुरक्षा गर्ने वचन दिए।

आज नै स्थानीय माउण्ट जियोन उच्चत्तर माध्यमिक विद्यालय परिसरमा आजादीको अमृत महोत्सवअन्तर्गत जनतासँग अन्तक्रिया कार्यक्रम आयोजना गरिएको थियो। उक्त कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री गोलेले यस क्षेत्रका जनताको सुविधा हेतु सामुदायिक केन्द्र निर्माण गरिने वचन दिए। आजादीको अमृत महोत्सवबारे बोल्दै उनले भारत स्वतन्त्रता भएको ७५औं वर्षगाँठको अवसरमा हर घर तिरंगा अभियान शुरू भएको र यसअन्तर्गत सबैले राष्ट्रिय झण्डा आफ्नो घरमा लगाउने आग्रह गरे। केन्द्र सरकारले सिक्किम राज्यको हितमा विभिन्न प्रकारले सहयोग पुऱ्याउँदै आएको मुख्यमन्त्रीले आफ्नो सम्बोधनमा बताए। कोरोनाकालमा देशको विभिन्न राज्यहरूले विभिन्न प्रकारको समस्या भोग्न परेको तर सिक्किमलाई भने केन्द्र सरकारले भरपुर सहयोग गरेको हुनाले कुनै प्रकारको समस्या राज्यका जनताले भोग्न नपरेको उनले बताए।

यसै क्रममा मुख्यमन्त्री गोलेले आज अप्पर तादोङ निर्वाचन क्षेत्रका जनतासँग पनि भेटघाट गरे। यस अवसरमा क्षेत्र विधायक जिटी ढुङ्गेल लगायत विभिन्न विभागका अधिकारीहरूको पनि उपस्थिति रहेको थियो।